"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"

ALL NEPAL FOOTBALL ASSOCIATION

ANFA

# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

पंकज बिक्रम नेम्वाङ्ग
अध्यक्ष

किरण राई
महा-सचिव

मिति: २०८१ चैत १२

## प्रेस विज्ञप्ती

अखिल नेपाल फुटबल संघ (एन्फा) को नवौं कार्यसमिति बैठक २०८१ चैत ११ र १२ गते एन्फा कम्प्लेक्स, सातदोबाटोमा सम्पन्न भयो । एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङ्गज्यूको अध्यक्षतामा सम्पन्न सो बैठकका निर्णयहरु संक्षिप्त रुपमा जानकारी गरिन्छ ।

१. संघको नियमित साधारण सभा मिति २०८२ बैशाख २६ गते आयोजना गर्ने निर्णय गरियो ।
२. संघको बार्षिक कार्यक्रम तथा प्रतियोगिता र अनुमानित बजेट रु.१,५६,३२,०९,४५०।४८ (एक अर्ब छपन्न करोड बत्तिस लाख नौ हजार चार सय पचाँस रुपैया) आगामी नियमित साधारण सभामा पेश गर्ने निर्णय गरियो ।
३. संघको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन यसै कार्यसमिति बैठकबाट पारित गरि संघको आगामी नियमित साधारण सभामा पेश गर्ने निर्णय गरियो ।
४. आ.व. २०८१/८२ को लेखा परिक्षण गर्न LSP Associates लाई नियुक्त गर्ने निर्णयलाई आगामी नियमित साधारण सभामा पेश गर्ने निर्णय गरियो ।
५. संघको मिडिया तथा मार्केटिङ्ग एजेन्सी नियुक्ति गर्न पुन १५ दिने सुचना जारी गर्ने निर्णय गरियो ।
[illegible]. नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको मुख्य प्रशिक्षकमा प्रो लाइसेन्स प्राप्त अष्ट्रेलियन नागरिक म्याट रसलाई नियुक्ति गर्ने निर्णय गरियो ।
७. ग्रासरुट फुटबल कार्यक्रमको लागि आवश्यक पर्ने खेल सामाग्रीहरु स्थानीय आपुर्तिकतासँग खरिद गर्ने निर्णय पारित गरियो ।
८. संघको आर्थिक नियमावली तथा आर्थिक कार्यविधिमा आवश्यक संसोधन गरिएको छ ।
९. महिला फुटबलको समग्र विकास लागि दिर्घकालिन रुपमा कार्यायोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।
१०. मिति २०८१ आसोज १२ गते मकवानपुर जिल्ला इन्द्रसरोवर गाँउपालिका वडा नं. ३ स्थित एन्फा वात्सल्यदेवी एकेडेमीमा प्राकृतिक प्रकोपमा परी दिवंगत भएका ६ जना खेलाडीहरुको घटनाको सत्यतथ्य विवरण संकलन गर्न गठित समितिले तयार पारेको प्रतिवेदन अध्यक्ष मार्फत कार्यसमिति समक्ष पढेर सुनाइयो ।
११. खेलाडीहरुलाइ घोषणा गरेको पुरस्कार वितरणको लागि प्राविधिक समितिको संयोजक पुरुषोत्तम थापा मगरको संयोजकत्वमा गठित मुल्याङकन समितिले पेश गरेको सिफारिसको आधारमा वितरण गर्ने निर्णय गरियो ।
१२. संघको कार्यसमितिको आगामी कार्यकाल (२०८३-२०८७) को निर्वाचन प्रयोजनको लागि निम्नअनुसारको निर्वाचन समिति र पुनरावेदन समिति गठन गर्ने निर्णय गरियो । निजहरुको इन्टिगिटी सम्बन्धित तोकिएको समितिबाट गराई आगामी नियमित साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

क) निर्वाचन समिति

- संयोजक- अधिवक्ता राम चन्द्र गौतम
- सदस्य- अधिवक्ता सम्झना के.सी
- सदस्य- अधिवक्ता लोकेन्द्र बहादुर ओली
- वैकल्पीक सदस्य- सुजन राई

एन्फा हाउस, सातदोबाटो, ललितपुर, पोष्ट बक्स नं. १२५८२, काठमाडौं, नेपाल ।
फोन नं. ९७७-१-५२०१०६०, ५-२०१०६२, ५-२०२३१९ फ्याक्स : ९७७-१-५२०१०५९, ईमेल : nep@the-afc.com

ख) निर्वाचन पुनरावेदन समिति

- संयोजक   अधिवक्ता राम चन्द्र पौडेल
- सदस्य - रवि सिंह धामी
- सदस्य - संजय केसी
- बैकल्पीक सदस्य - अधिवक्ता दिनेश राई

१३. संघको Conflict of Interest कार्यविधि पारित गर्ने निर्णय गरियो ।

१४. यसै कार्यसमितिको बाँकी कार्यकालको लागि अन्तराष्ट्रिय सम्वन्ध प्रमुखको रुपमा पियुष न्यौपानेलाई नियुक्त गरियो ।

१५. विविध विषयहरुमा विभिन्न दैनिक प्रशासनिक निर्णयहरु गर्दै संघका पदाधिकारीहरुको विशेष प्रस्तावमा फिफाबाट प्रतिबन्धित पुर्व अध्यक्ष गणेश थापा सम्वन्धि विभिन्न भष्ट्राचार लगायतका फिफाको निर्देशन उल्लङघन र अन्य गतिविधिहरुलाई आवश्यक अनुसन्धान तथा छानबिन गरि कारबाहीको लागि फिफा, एएफसी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी तथा संघको न्यायिक निकायहरुमा आवश्यकता अनुसार पत्रचार गर्ने र संघका बरिष्ठ उपाध्यक्ष वीर बहादुर खड्का लगायत अन्य व्यक्ति उपर गम्भीर प्रकृतिका उजुरीलाई सम्बन्धित निकायमा छानबिन गरि निर्णयका लागि पत्रचार गर्ने निर्णय गरियो ।

...............................

सुरेश शाह,

प्रवक्ता, एन्फा